☎ ०४१-५९१७१५

मधेश प्रदेश सरकार

# खेलकुद तथा समाज कल्याण मन्त्रालय

जनकपुरधाम

प.सं.: ०८३/०८४

च.नं.:

मिति: २०८३/०५/०५ गते

## सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०५/०५)

यस मन्त्रालय अन्तरगतको महिला समुत्थान परियोजनाको कामको लागि आ.व.२०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मधेश प्रदेशका सबै जिल्लामा पुग्नसक्ने न्युनतम ७ सिट क्षमता भएको हलुका सवारी साधन २०८४ असार मसान्तसम्मका लागि भाडामा लिने निर्णय भएकाले इच्छुक सवारीधनी (व्यक्ति वा संस्था) ले तपसिलमा उल्लेखित शर्तको अधिनमा रही के कति दररेटमा सवारी साधन उपलब्ध गराउन सकिने हो ? यो सूचना प्रकाशन भएको ७(सात) दिनभित्र मन्त्रालयमा शिलबन्दी दरभाउपत्र/प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ। पेश भएको दरभाउपत्र/प्रस्ताव सूचना प्रकाश भएको ८(आठौं) दिन बिहान ११ बजे खोलिनेछ। उक्त दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा खोलिनेछ।

**शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरू:**

- सवारी साधनको नविकरण भएको ब्लुबुकको प्रतिलिपि १ प्रति।
- सवारी चालकको नागरिकताको प्रमाणपत्र र सवारी चालक अनुमतिपत्र १/१ प्रति।
- सवारी साधनको पूर्ण बीमा भएको विमालेखको १ प्रति।

**न्युनतम शर्तहरू:**

- सवारी साधन राम्रो कण्डिसनको हुनुपर्नेछ।
- सवारी चालकको तलब, भत्ता, खाजानास्ता र बासको व्यवस्था सवारीधनीले व्यहोर्नुपर्नेछ।
- सवारी साधन मर्मत सम्भार र सर्भिसिङ्गको व्यवस्था सवारीधनी स्वयंले गर्नुपर्नेछ।
- भाडामा लिएको सवारी साधन सम्झौता अवधिभर २४ सै घण्टा मन्त्रालयको नियन्त्रणमा हुनेछ र मन्त्रालयको अनुमति बिना अन्य प्रयोजनमा सवारी साधन प्रयोग गर्न पाइनेछैन।
- प्रस्तावित भाडामा रकममा १० प्रतिशत भाडाकर कट्टा गरिनेछ।
- सम्भावित विपद प्रकोप वा अन्य कुनै भवितव्य कारणले सवारी साधनको क्षति भएमा सवारीधनी स्वयं जिम्मेवार हुनुपर्नेछ।
- कुनै कारणवश सवारी बिग्रिइ सेवा दिन असमर्थ भएमा वैकल्पिक सवारी साधनको व्यवस्था गर्नुपर्नेछ ; अन्यथा उक्त अवधिभरको रकम दिन गन्तीका हिसाबले कट्टा गरिनेछ।
- पेश भएका शिलबन्दी दरभाउपत्र/प्रस्तावहरू पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार मन्त्रालयलाई हुनेछ।
- उल्लेख नभएका शर्तका हकमा प्रचलित कानून बमोजिम हुनेछ।
- थप जानकारीको लागि मन्त्रालयको परियोजना कार्यान्वयन इकाईमा सम्पर्क गर्न सकिनेछ।

धर्मेन्द्र लाल कर्ण

(बरिष्ठ उप सचिव)

परियोजना व्यवस्थापक

Email: info.mossw@madhesh.gov.np, mossw2080@gmail.com